**THE WEST BENGAL COUNCIL OF RABINDRA OPEN SCHOOLING**
**MADHYAMIK PARIKSHA (SECONDARY EXAMINATION) DECEMBER, 2024**

# नेपाली

**(Nepali)**

**(First Language)**

**(For New Syllabus)**

Who registered their names June, 2023 onwards.

**Time: 3 Hours 15 Minutes** **Full Marks: 90**

## (General Instructions for the Examinees)

Candidates should write their Name, Roll No. and Registration No. in their respective answer scripts.

The first 15 Minutes are allotted for reading the question paper. Answers should be in brief and to the point.

Write correct question no. against each answer.

छोटो छरितो वस्तुनिष्ठ उत्तरलाई प्राथमिकता दिइने छ।
अस्पष्ट र अपरिष्कृत लेख तथा हिज्जेगत अशुद्धि भएमा अङ्क घटाइने छ।
प्रश्नका छेउमा दिइएका अङ्कहरू पूर्णाङ्क सूचक हुन्।

Special credit will be given for answers which are brief and to the point.

Marks will be deducted for spelling mistakes, untidiness and bad handwriting. In the right side the marks of questions are given.

## Group-A

(MCQ)

**1.** तल दिइएका प्रश्नहरूमध्ये कुनै *बाह* प्रश्नहरूको उत्तर देऊ। 1×12=12

(i) धाँसीसित भेट हुने कवि को हुन्?

(a) लेखनाथ पौड्याल (b) लक्ष्मीप्रसाद देवकोटा

(c) भानुभक्त आचार्य (d) धरणीधर कोइराला

(ii) तरूण-तपसी (नव्यकाव्य) का रचयिता को हुन्?

(a) भानुभक्त आचार्य (b) लेखनाथ पौड्याल

(c) मोतिराम भट्ट (d) सिद्धिचरण श्रेष्ठ

(iii) चाँप र गुराँसको समाचार भन्नाले कस्तो समाचार बुझिन्छ?

(a) खुशीको समाचार (b) दु:खको समाचार

(c) नजीकको समाचार (d) टाड़ाको समाचार

(iv) कवि अगमसिंह गिरीको जन्म सन् _______ भएको थियो।

(a) 1971 मा (b) 2017 मा

(c) 1987 मा (d) 1927 मा, दार्जीलिङ्मा

(v) विकास गोतामेका पहिलो मुद्रित कथा 'एउटा सेतो गुलाफ' कुन पत्रिकामा छापिएको थियो?

(a) छहारी पत्रिकामा (b) शारदा पत्रिकामा

(c) सुस्केरा पत्रिकामा (d) बैंशालु पत्रिकामा

(vi) एकाङ्की भन्नाले के बुझिन्छ?

(a) एउटै दृश्य भएको नाटक (b) पात्रहरु धेरै भएको नाटक

(c) धेरै अङ्कमा लेखिएको नाटक (d) एक अङ्कमा लेखिएको नाटक

(vii) 'विश्वका दश महान नाटक' कसले रचना गरेका हुन्?

(a) अगमसिंह गिरी (b) राजनारयण प्रधान

(c) इन्द्रबहादुर राई (d) रूपनारयण सिन्हा

(viii) देश महिमा कवितामा महिमा शब्दको अर्थ के हो?

(a) प्रोत्साहन (b) वर्णन

(c) प्रशंसा (d) महत्व

(ix) नेपाली साहित्यमा मनोबैज्ञानिक पक्षलाई समेटेर लेख्ने कथाकार को हुन्?

(a) रूपनारयण सिन्हा (b) बिश्वेश्वर प्रसाद कोइराला

(c) राजनारयण प्रधान (d) इन्द्र सुन्दास

(x) कुन संग्रहको लागि शिवकुमार राईले साहित्य अकादमी पुरस्कार प्राप्त गरे?

(a) खहेर कथासंग्रह (b) बड़ा-डिनर कथासंग्रह

(c) यात्री कथासंग्रह (d) फ्रन्टियर कथासंग्रह

(xi) इन्द्रबहादुर राईको कुन कथालाई मास्टर पिस भनिन्छ?

(a) रातभरि हुरी चल्यो (b) छुट्टाथाइयो

(c) कठपुतलीको मन (d) कथास्था

(xii) ''निजीव यो मशीनलाई हेर्न मेकानिक बर्षमा तीनपल्ट आउँछ! तर मलाई ....... — यो वाक्य

(a) बृद्ध भरिया (b) हरिहर (टाइपिस्ट बाबु)

(c) ठुले (d) बासुदेव, ले भनेका हुन्।

(xiii) मूल हिन्दीमा लेखिएको 'कायाकल्प' उपन्यासका लेखक —

(a) प्रेमचन्द (b) बिश्वेश्वर प्रसाद

(c) रूपनारयण सिन्हा (d) विकाश गोतामे

(xiv) मुना-मदन कस्तो काव्य हो?

(a) महाकाव्य (b) खण्डकाव्य

(c) नव्यकाव्य (d) भावना गाङ्गेय

(xv) 'रोगन' शब्दको अर्थ के हो?

(a) टल्काउनु (b) भत्काउनु

(c) बनाउनु (d) लाम्चो किरो

(xvi) जसले सबै कुरा जान्दछ—

(a) सर्वज्ञ (b) कृतज्ञ

(c) ज्ञानी (d) नामी

(xvii) नेपाली भाषा _______ लिपिमा लेखिएको छ।

(a) रोमन लिपि (b) संस्कृत लिपि

(c) देवनागरी लिपि (d) झर्रा

## Group-B

**2.** तल दिइएका प्रश्नहरू मध्ये कुनै छ वटा प्रश्नहरूको उत्तर लेख। 2×6=12

(i) साहित्य-सुधा कवितामा कविले मानिसको जीवनलाई कसरी सुन्दर पार्नु भनेका छन्।

(ii) ''रिस राग कपट् छल छैन जहाँ

तब धर्म कति छ यहाँ'' — प्रस्तुत कवितालाई व्याख्या गर।

(iii) कविले जीन्दगीको मौसम रहँदा नै गर्नुपर्ने कार्यहरूको बारेमा के भनेका छन्?

(iv) 'नाना साधन शक्तिको किरणले आलोकित भनेर कविले कुन देशलाई र कुन शक्तिलाई भनेका हुन्?

(v) 'मोती-मोतीका दलिन टेकी' भनेर कविले कसको बारेमा कुरा गर्नुभएको हो?

## Group-C

**3.** तल दिइएका प्रश्नका उत्तर लेख। 4×9=36

(i) कवयित्री पारिजातको परिचय दिँदै 'नयाँ बर्ष' कविताको सारांश लेख।

(ii) ''अब तिमी नै भन
यो उल्टो समाजलाई
के हामी नसुल्ट्याउनु?'' – प्रस्तुत कवितांश कुन कविताबाट उद्धृत गरिएको हो? यसका कवि को हुनुहुन्छ? कवितांशले भन्न खोजेको कुरो स्पष्ट पार।

(iii) दफ्तरमा फाल्टो काम गरेको पैसाले एउटा कोट सिलाउनै पर्छ है''। कति दिन यसैले गुजारा गर्ने।''– यो वाक्य कसले कसलाई भनेको हो? यो वाक्य कुन पाठबाट र यसका कथाकार को हुन्? किन नयाँ कोट सिलाउने बाध्यता आएको थियो?

(iv) अविकारी शब्द भन्नाले के बुझ्छौ? यो कति प्रकारको हुन्छ? प्रत्येकको बारेमा छोटकरीमा लेख।

(v) व्याकरण भन्नाले के बुझ्छौ? कथ्य र लेख्य भाषामाझ भिन्नताहरू स्पष्ट पार।

(vi) कुनै पाँच शब्दका बिलोम (विपरीत) अर्थ लेख।

घात, भद्र, पण्डित, उन्नति, सज्जन।

(vii) टिप्पणी लेख (कुनै दुइ):
सिसार, दक्षिणा, आशिर्वाद।

(viii) कथाकार सानु लामाका कथामा पाइने नेपाली जनजीवनबारे संक्षेपमा लेख।

(ix) मेरो एउटा नागाहुकी कथाको आधारमा नागा जाति र नेपाली जातिको मित्रताको बारे संक्षेपमा लेख।

## Group-D

**4.** कुनै छ प्रश्नका उत्तर देऊ: 5×6=30

(i) सरल नेपालीमा अनुवाद गर।

Like other habits, the habit of cleanliness also has to be cultivated from very early life. Childhood is the time for the formation of good habits. The responsibility of the mother is very great in this respect. She can train up her child in keeping its body and clothes neat and clean.

(ii) टाढ़ामा पढ़दै गरेको भाईलाई जिम्मेवारी बुझाउँदै छोटो पत्र लेख।

(iii) एकांङ्की टिका पनि व्यापार पनि कथामा पाइने नेपाली भाषा-शैली बारे छोटो चर्चा गर।

(iv) मनबहादुर मुखियाका प्रकाशित कृति र नाटकहरूका नाउँ लेख।

(v) रामलाल अधिकारीका निबन्धहरूमा पाइने सामाजिक बिशेषता लेख।

(vi) कुनै एक बिषयमा निवन्ध लेख।
हाम्रो देश र जातिवाद

———